नेपाल सरकार

संस्कृति तथा राज्य पुनः संरचना मन्त्रालयको

सूचना १

नेपाल सरकारले पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ को उपदफा ८.३ ले दिएको अधिकार प्रयोग गरी पशुपति क्षेत्र विकास कोषको अध्यक्षबाट पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको सदस्यमा देहाय बमोजिम हेरफेर भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.११ बमोजिमका सदस्यहरुमा देहायका व्यक्तिहरुलाई मनोनीत गरिएकोछः-

(क) श्री रमेश सिंह डंगोल,पशुपति देवपत्तन काठमाडौं
(ख) श्री पुण्य प्रसाद पाण्डे,गोठाटार- ३, काठमाडौं
(ग) श्री सौभाग्यवती देवी राई,छिनामखु- ३, भोजपुर
(घ) श्री डि.आर. उपाध्याय,का.म.न.पा.- ७, चावहिल
(ङ) श्री जयन्द्र सुब्बा ,का.म.न.पा.- ९
(च) श्री टक बहादुर श्रेष्ठ, दिक्तेल बजार- २, खोटाङ्ग

(२) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.१२ बमोजिम कोषाध्यक्षमा श्री गणेश प्रसाद अधिकारी, खोटाङ्गलाई मनोनीत गरिएकोछ ।

(३) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.१३ बमोजिम सदस्य सचिवमा श्री परमानन्द शाक्य, का.म.न.पा.- ७ लाई मनोनीत गरिएकोछ ।

सूचना २

नेपाल सरकारले बौध्दनाथ क्षेत्र विकास समिति (गठन)आदेश, २०५३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी बौध्दनाथ क्षेत्र विकास समितिको सदस्यमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिम समितिको अध्यक्षमा श्री चन्द्र बहादुर लामा, बौध्द- ६, काठमाण्डौ लाई तोकिएको छ ।

(२) दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्यहरुमा देहायका व्यक्तिहरुलाई मनोनीत गरिएकोछः-

(क) श्री दिकी लामा, बौध्द -६, काठमाडौं
(ख) श्री गगाराम श्रेष्ठ, जोरपाटी- ३, काठमाडौं
(ग) श्री धन कुमार लामा (दावा), जोरपाटी -६, नारायणटार, काठमाडौं
(घ) श्री राजेश लामा, बौध्द- ६, काठमाडौं
(ङ) दुर्गा राई, बौध्द- ६, काठमाडौं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।